# फालेलुङ गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
### थोक्लिम्बा, पाँचथर

पत्र संख्या : २०७६/०७७
च. नं.: १०८९

मिति : २०७६/११/११
१ नं. प्रदेश, नेपाल

विषय : सम्झौता गर्न आउने बारे ।

श्री शिवगंगा कन्स्ट्रक्सन प्रा.लि.
फालेलुङ-१, पाँचथर ।

प्रस्तुत विषयमा यस कार्यालयले मिति : २०७६/०७/०७ गते सूचना प्रकाशन गरी फालेलुङ गाउँपालिका वडा नं. १ को वडा कार्यालय भवन निर्माण गर्न बोलपत्र आह्वान गरे बमोजिम प्राप्त भएका बोलपत्रहरुको मूल्यांकन गर्दा तहाँबाट पेश हुन आएको बोलपत्र सारभूत रुपमा प्रभावग्राही रहेकोले सार्वजनिक खरिद ऐनको दफा २७ बमोजिम तपशील अनुसारका कागजात लिई यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र २०७६ फागुन १७ गतेभित्र सम्झौतको लागि यस कार्यालयमा आउन हुन अनुरोध छ ।

तपशील :

१. 'सम्झौता गर्न पाऊँ' भनी दिएको निवेदन,
२. सम्झौता गर्नका लागि अधिकार प्रत्यायोजन गरिएको अख्तियारी पत्र,
३. सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा ४ बमोजिम फालेलुङ गाउँपालिकाको नाममा 'क' वर्गको इजाजत प्राप्त बैंकले जारी गरेको रु. ७,५१,०००।- बराबरको कम्तीमा १८० दिनका लागि मान्य हुने कार्यसम्पादन जमानत,
४. आ. व. २०७५/०७६ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,
५. कम्पनीको प्रमाणपत्र, इजाजतपत्र, भ्याटदर्ता प्रमाणपत्र,
६. गुण सुनिश्चितता योजना (Quality Assurance Plan), कार्यतालिका, इन्स्योरेन्स

नोट : तोकिएको अवधिभित्र सम्झौता गर्न नआए कानून बमोजिम हुने व्यहोरा जानकारी गराइन्छ ।

..........................
नि. प्रमुख प्रशासकीय अधिकृत